नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १६२ २०७७ साल माघ १३ गते मंगलबार (26 Jan. 2021 Tuesday) मूल्य रु. ५/-

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : राजनीतिक कोर्स परिवर्तन गर्ने ...२ पृष्ठमा : शैक्षिकसत्र जेठसम्म ... ३ पृष्ठमा : अस्ट्रेलियाले फाइजरको...

# वन कार्यालयको टेण्डरमा “सेटिङ” !





**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**

डिभिजन वन कार्यालय सप्तरीमा सोमबार टेण्डर फारम बुझाउन आएकाहरुलाई हातपात र टेण्डर च्यात्दै बुझाउनबाट बञ्चित गराइएको छ ।

टेण्डर फारम दर्ता गर्ने अन्तिम दिन सोमबार लक्ष्मी निर्माण सेवा सप्तरीका प्रतिनिधि जिवछ साहलगायत दुई/तीन जनामाथी अवरोध र दुर्व्यबहार गर्दै वन तथा निर्माण व्यवसायीहरुको एक समूहले उनीहरुको टेण्डर फारम च्यात्नुका साथै हातपात गर्दै फारम बुझाउनबाट बञ्चित गराएका हुन् ।

टेण्डर फारम बुझाउन जाँदा गेटमा रहेका वनरक्षक तथा निर्माण व्यवसायी संघका एक समूहले हातपात गर्दै मुल गेटबाट भित्र प्रवेशमा रोक लगाएको पीडित निर्माण व्यवसायी साहले बताएका छन् । उनीहरुकै “सेटिङ” मा आफूहरुलाई टेण्डर बुझाउनबाट बञ्चित गराइएको आरोप लगाउँदै पीडित निर्माण व्यवसायी साहले टेण्डर प्रक्रिया नै बदर गर्नुपर्ने माग समेत गरेका छन् ।

१२ बजेसम्म टेण्डर बुझाउने समय रहेपनि ११ बजेर ३० मिनेटमै दर्ता गराउन कार्यालय पुगेको बेला गेटमा रहेका वनरक्षक र निर्माण व्यवसायी संघका एक समूहले हातपात गर्दै प्रवेशमा रोक लगाएको उनको आरोप छ ।

यता डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोष झाले आफू कार्यालय भित्र रहेको र गेट बाहिर केही निर्माण व्यवसायीहरु एकआपसमा विवाद गरेको मात्र आफूलाई जानकारी भएको बताउँदै टेण्डर प्रक्रियामा वनको तर्फबाट कुनै “सेटिङ” र अवरोध नरहेको दाबी समेत गरेका छन् ।

डिभिजन वन कार्यालय सप्तरीले कञ्चनरुप नगरपालिकास्थित सबडिभिजन वन कार्यालयको भवन निर्माणका लागि ४२ लाखको लागतमा ४ कोठे भवनका लागि टेण्डर आह्वान गरेको थियो । उक्त भवन निर्माण कार्यका लागि २७ वटा टेण्डर बिक्रि भएकोमा निर्धारित समयभित्र ३ जनाले मात्र बुझाएका छन् ।

# आठ जिल्लामा एकैसाथ खोप अभियान

जनकपुर, १२ माघ (रासस) ।

प्रदेश नं २ सरकारले कोरोना विरुद्धको खोप अभियान आठ जिल्लाबाट एकैसाथ शुरु गर्ने निर्णय गरेको छ ।

मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा सोमबार सम्पन्न प्रादेशिक कोरोना सङ्कट व्यवस्थापन समितिको बैठकले माघ १४ गते आठवटै जिल्लाको सदरमुकामस्थित अस्पतालबाट कोरोना विरुद्धको खोप अभियान शुरु गर्ने निर्णय भएको मुख्यमन्त्री सञ्चार सचिवालयले जनाएको छ ।

खोप अभियानको शुभारम्भ मुख्यमन्त्री लालबाबु राउतले वीरगञ्जस्थित नारायणी अस्पताल, आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले प्रादेशिक अस्पताल जनकपुरधाम र सामाजिक विकासमन्त्री नवलकिशोर साहले गजेन्द्रनारायण सिंह अस्पताल राजविराजबाट शुभारम्भ गर्नुहुने स्वास्थ्य निर्देशक विजय झाले जानकारी गराउनुभएको छ ।

प्रदेश नं.२ मा खोप अभियान सञ्चालनका लागि ३४ हजार भाइल प्राप्त भएको र सो भाइलहरु माघ १३ गतेसम्म सबै जिल्लास्थित स्टोरमा पुऱ्याइने निर्देशक झाले बताउनुभयो । पहिलो चरणमा कोरोना महामारीविरुद्ध अग्र मोर्चामा खटिरहेका स्वास्थ्यकर्मी, चिकित्सक, सुरक्षाकर्मी र सफाइकर्मीलाई खोप दिने योजना छ ।




# एक महिलासहित पाँच जना लागुऔषध सेवनकर्ता र कारोवारी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**

सप्तरीको डाक्नेश्वरी र सप्तकोशी नगरपालिका क्षेत्रबाट लागुऔषध कारोवारी र सेवनकर्ता एक महिलासहित पाँच जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चेकजाचका क्रममा डाक्नेश्वरी नगरपालिका क्षेत्रमा प्रदेश-२-०३-००७प.७३१९ नम्बरको मोटरसाइकलमा सवार शम्भुनाथ नगरपालिका २ बस्ने २६ वर्षिय जिगेन्द्र साह र २० वर्षिय मो. सद्दाम लागुऔषधसहित पक्राउ परेका छन् ।

उनीहरुको साथबाट प्रतिबन्धित नेट्राभेट ३ सय ६० थान र गाजा २० ग्राम बरामद गरिएको डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

यस्तै सप्तकोशी नगरपालिका १ फत्तेपुरस्थित बसपार्क क्षेत्रबाट लागुऔषधसहित उदयपुरको त्रियुगा नगरपालिका १० बस्ने २१ वर्षिय निराजन रायमाझि र २७ वर्षिय बलराम दाहाल पक्राउ परेका छन् ।

उनीहरुको साथबाट निप्रोभेट १५ थान, स्पास्कोम २४ थान, डायलिक्स डिसी ५ र ओसारपोसारमा प्रयोग गरिएको बा.४८प.२५१ नम्बरको मोटरसाइकल समेत प्रहरीले बरामद गरेको छ । उनीहरुकै

*बाँकी तीन पृष्ठमा*

# सम्पादकीय

## यातायात कार्यालयको शाखा जिल्लामै ल्याउनेतर्फ ध्यान पुगोस्

सप्तरी जिल्लामा यातायात व्यवस्था कार्यालय नहुँदा सेवाग्राहीलाई निकै समस्या हुने गरेको छ। सप्तरीका जनता सवारी चलाउने अनुमति पत्र लिन र सो पत्र भएकाहरु नविकरण गराउन सिरहाको लहान पुग्नु पर्ने बाध्यता रहेको छ। लहानस्थित कार्यालयमा सेवाग्राहीको अत्याधिक चाप हुने गरेकाले दिनभर कामकाज छोडेर आफ्नो काम गराउनु पर्ने बाध्यता रहेको छ।

विगतमा सप्तरी सदरमुकाम राजविराजमै रहेको सो कार्यालय सरेर हाल लहानमा रहेको छ। यहाँका जनताले सवारीसाधन चलाउने अनुमति पत्र नविकरण गराउन आफ्नो कामधन्दा छोडेर दिनभरी लहान जानु पर्दा पनि एकदिनमै काम सम्पन्न हुने कुनै ग्यारेन्टी हुदैन्। कार्यालय वरिपरि रहेका विभिन्न एजेन्टहरुले कर्मचारीलाई आर्थि प्रलोभनमा पारेर आफ्नो काम पहिल सम्पन्न गराउने गरेका छन्। तर, त्यसको निगरानी भने हुँदैन्।

सप्तरीमा पनि सो कार्यालय स्थापना गर्न हालसम्म सम्बन्धीत निकायको ध्यान पुग्न सकेको छैन्। जनताको समस्यालाई मध्यनजर गर्दै यातायात कार्यालयको शाखा कार्यालय सप्तरीमा पनि स्थापना गराउन सम्बन्धीत निकायको ध्यान पुग्नु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजनीतिक कोर्स परिवर्तन गर्ने ओलीको रणनीति



उपेन्द्र झा

नेपालको राजनीतिक कोर्स परिवर्तन गर्ने निर्देशित योजना अनुसार नै नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र तनाव बढाएर विभिन्न बहानामा पौष ५ गते संसद विघटन गरी सडक संघर्षलाई जन्म दिएको प्रवुद्धवर्गको आँकलन छ।

एमाले र माओवादी दुई विपरीत धारको पार्टीलाई एकीकरण गर्ने क्षमता राख्ने केपी शर्मा ओलीले पार्टीभित्र उठेका सामान्य अन्तविरोधलाई साम्य पार्न सक्दैनथ्यो ? आफूले नरुचाएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई परिवर्तन गर्ने शक्ति केन्द्रसँग कुरा मिलेपछि कसैलाई केही नसोधी वर्तमान राजनैतिक प्रणालीलाई समाप्त गरि नयाँ संविधान बनाउने वातावरणको खोजी गर्न नियम कानूनलाई कुल्चेर पनि संसद विघटन गरी अर्को राजनैतिक अवस्था सिर्जना गरि दिएको हो।

जनताबाट असीम शक्ति पाएर जनप्रतिनिधी सरकारभन्दा शासकको रुपमा स्थापित हुने ओलीको निरंकुश सामन्ती संस्कार पूर्वदेखि देखिँदै आएको हो। जीवनको अन्तिम समयमा केही नयाँ कुरा गरेर गएपछि अनौठो इतिहास बनाउने उनको चाहना रहेको छ।

आफ्नो सहकर्मी होस् कि सेवा निवृत सम्मानानीय प्रधान न्यायाधीशहरु, वरिष्ठ पत्रकार होस् कि राजनैतिक विश्लेषक, राजनैतिक दलहरु होस् कि प्रवुद्धवर्ग, आफ्नो कदमलाई असंवैधानिक भन्ने जो कोहीलाई तल्लो स्थरको राजनैतिक गाली दिने घोचपेच गर्ने, अपमान गर्ने, धम्काउने प्रधानमन्त्रीको कियाकलाप राजनीतिलाई गलत दिशातिर लैजाने सबैले संदेह गर्न लागेको हो।

प्रधान न्यायाधीश जस्तो गरिमामय पदको अनुभव प्राप्त गरेका सम्मानानीय व्यक्तिहरुलाई सर्वोच्च अदालतमा जागिर खाएको भरमा धेरै बुझ्ने जस्ता अपमानजनक शब्दहरु प्रयोग गर्नु, प्रचण्ड-नेपाल गुटलाई "चुनाव १० वटा सीट ल्याएर देखाउन" चुनौती दिनु, सबैलाई अपमान, तिरष्कार तथा घोचपेच गरी आन्दोलन उठाउने केपी शर्मा ओलीको तीव्र-चाहना अब विस्तारै सतहमा आउन थालेको हो।

कानून जान्ने बुझ्ने, सूक्ष्मभेदी राजनैतिक दाव बुझ्ने समाजका हरेक तप्का प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटनको कदमलाई, मन्त्री परिषदको विस्तारलाई तथा संवैधानिक आयोगको पदपूर्ति आदिलाई असंवैधानिक भन्दै विरोधमा उत्रेका छन्। ओलीको कदमलाई सही ठह्याउने अन्धभक्तको पनि कमी छैन।

राणा शासनको "मुखे कानून" किम्वदन्तीको रुपमा बुढापाकाहरुको मुखबाट सुन्थे, आज प्रत्यक्ष ओलीको शासनकालमा हेर्न पाईयो। नेपालको राजनीति नेपाली कांग्रेस र नेकपाको लागि खल्तीमा रहेको "पान सुपारी" हो, जतिबेला पनि चपाउन मिल्छ। किनभने राजनीति यी दुई पार्टीको कब्जाबाट मुक्त हुन नसकेकोले यस्ता घटनाहरु स्वाभाविक रुपमा घटि रहने हो।

**आन्दोलन प्रतिको सोच**

१) नेकपा प्रचण्ड-नेपाल समूहले जनताको भीषण आन्दोलनबाट आलीलाई अपदस्थ गराएर "संघीय लोकतान्त्रिक गणतन्त्र" को रक्षा गर्ने चाहनाका साथ आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ। नेकपाको समग्र कार्यकर्तामाझ "रुनु न हास्नु" को अवस्था छ। नेकपा (माओवादी) र एमालेबीच भएको एकीकरणपछि अहिले भएको विभाजनमा दुबैतिर दुबै पार्टीका कार्यकर्ता छन्। पार्टी विभाजनपछि प्रचण्ड-नेपाल समूहले आन्दोलन आह्वान गरेपनि आन्दोलनमा उर्जा देखिन्न।

२) नेपाली कांग्रेसमा आन्दोलनका लागि मति मिलेको छैन। रामचन्द्र पौडेल समूहले सरकारले "संघीय लोकतान्त्रिक गणतन्त्र" मास्न लागेको, यसको विरुद्ध आन्दोलन गरि संविधानको रक्षा गर्ने, अनि मात्र चुनाव लड्ने कानूनन् कुरा गरि रहेको छ भने देउवा समूह चुनावका लागि तयारी गर्ने मानसिकतामा छन्। कार्यकर्ताहरुको दवावका कारण आन्दोलनमा जोश जाँगर छैन। शेरबहादुर देउवा र ओलीको आन्तरिक साँठगाँठ रहेका कारण प्रणाली जे भएपनि चुनावलाई उपयोग गरी पहिलो पार्टी बन्ने देउवाको आन्तरिक मनसाय रहेकोले पार्टीभित्रको दुई धारको संघर्षका कारण आन्दोलन शिथिल रुपमा रहेको छ।

३) जनता समाजवादी पार्टी "संघीय लोकतान्त्रिक गणतन्त्र" को संविधान घोषणाको दिनलाई "कालो दिवस" मनाउनेले आज यस संविधानको रक्षा गर्न आन्दोलन होमिएको छ। मधेशी जनतालाई वलिदानी आन्दोलन गर्न उक्साई रहेको छ। ओलीलाई हटाएर प्रचण्ड-नेपाललाई वा शेरबहादुर देउवालाई स्थापना गरी ज्याँखे थाप्ने मनसायले जसपा आन्दोलित छन्।

४) नागरिक समाज बुद्धिजीवी लगायत समाजका प्रवुद्धवर्ग ओलीको तानाशाही कदम विरुद्ध नैतिकताले आन्दोलनमा उत्रि रहेका छन्। अहिले दैध मनः स्थितिमा रहेका कारण आन्दोलन उर्जावान बनिरहेको छैन। तर समाजको हरेक क्षेत्र ओलीको असंवैधानिक कदम विरुद्ध रहेका कारण विस्तारै आन्दोलन चर्कने सम्भावना देखिन्छ।

शिथिल आन्दोलन न विपक्षको लागि निर्णायक हुन्छ न ओली सरकारको लागि। त्यसैले ओली आफ्नो विरोध गर्नेहरुका लागि आक्रामक भएर आन्दोलनका लागि उक्साइरहेको छ। आन्दोलनले विध्वंसक रुप लिएपछि ओलीले पूर्व निर्धारित संकटकाल घोषणा गरी राजनैतिक कोर्स परिवर्तन गर्ने रणनीति लिएको छ। चर्को आन्दोलन विपक्षलाई फायदा दिनुको साटो ओलीको लागि लाभदायक सिद्ध हुने कुरा देखिन्छ।

पटक पटक अग्रगमनभन्दा पश्चगमनमा देश जानुको कारण राजनीतिमा सक्रिय रुढिवादी सामन्ती प्रवृति हो जो अग्रगमनमा वर्गीय घाटा हेर्छ। पश्चगमनमा शासक र शासकीय प्रवृति लाभान्वित रहने भएकोले शासकवर्गको यो खेल जनतालाई बुझ्न अब कठीन छैन।

*(मधेश दर्पण फिचर सेवा)*

# विश्व समाचार

## अस्ट्रेलियाले फाइजरको भ्याक्सिनलाई दियो अनुमति

सिड्नी, १२ माघ (रासस-एएफपी)।

अस्ट्रेलियाली औषधि नियामक निकायले फाइजरले विकास गरेको कोरोनाभाइरस विरुद्धको खोपलाई औपचारिक स्वीकृति प्रदान गरेको छ। प्रधानमन्त्री स्कट मरिसनले सोमवार फाइजरको खोप स्वीकृत भएको घोषणा गर्दै आगामी फेब्रुअरीको अन्त्यदेखि खोप लगाउन थालिने सम्भावना रहेको बताउनुभयो। अस्ट्रेलियामा कोभिड-१९ विरुद्धको खोपका लागि थेराप्युटिक गुड्स एड्मिनिस्ट्रेसन (टिजिए) बाट अनुमति प्राप्त गर्ने फाइजर पहिलो कम्पनी हो। प्रधानमन्त्री मरिसनले पत्रकारहरुले सोधेको प्रश्नको जवाफ दिँदै अस्ट्रेलियाको नियामक निकायले विस्तृत अध्ययन पश्चात फाइजरको खोपलाई स्वीकृति प्रदान गरेको जानकारी दिनुभयो। उहाँले यो खोप अस्थायी र आकस्मिक नभई पूर्ण खोपका रुपमा अस्ट्रेलियाले स्वीकार गरेको पनि बताउनुभयो। अस्ट्रेलियाले यसअघि नै फाइजरसँग एक करोड डोज खोपका लागि फाइजरसँग अनुबन्ध गरिसकेको छ। यसबाट करिब ५० लाख मानिसलाई खोप दिन पर्याप्त हुनेछ। कार्यक्रम अनुसार पहिलो चरणमा स्वास्थ्यकर्मी र वृद्धवृद्धालाई खोप दिइने छ। प्रधानमन्त्री मरिसनले आगामी अक्टोबरसम्ममा खोप अभियान पूरा हुने पनि जानकारी दिनुभयो।भाइरसको प्रकोप देखिनासाथ कडा लकडाउन र सीमाहरु बन्द गरेको अस्ट्रेलियामा तुलनात्मक रुपमा कम संख्यामा मानिस संक्रमित भएका थिए। तैपनि करिब २ करोड ५० लाख जनसंख्या रहेको अस्ट्रेलियामा २९ हजार व्यक्ति संक्रमित भएका र ९०९ जनाको ज्यान गएको थियो। अस्ट्रेलियाले अक्सफोर्ड-अस्ट्राजेनिकाले विकास गरेको ५ करोड भन्दा बढी डोज खोपका लागि आदेश दिइसकेको छ। यो खोपको अधिकांश हिस्सा अस्ट्रेलियामै उत्पादन गरिने भए पनि अस्ट्रेलियाको नियामक निकाय टिजिएले त्यसलाई मान्यता दिइसकेको छैन।

## मेक्सिकोका राष्ट्रपतिलाई पनि कोभिड-१९ सङ्क्रमण

मेक्सिको सिटी, १२ माघ (रासस-एएफपी)।

मेक्सिकोका राष्ट्रपति आन्द्रेस मानुए लोपेज ओब्राडोरलाई कोरोनाभाइरसको संक्रमण पुष्टि भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ। तर उहाँलाई कोभिड-१९ को सामान्य लक्षण मात्र देखिएको छ। सामाजिक संजालमा एक सन्देश दिँदै ६७ वर्षीय राष्ट्रपति ओब्राडोरले भन्नुभएको छ, "म कोभिड-१९ बाट संक्रमित भएको छु। मलाई देखिएका लक्षणहरु सामान्य छन् र मैले औषधि उपचार शुरु गरिसकेको छु।" बामपन्थी झुकाव राख्ने राष्ट्रपति ओब्राडोरलाई सार्वजनिक कार्यक्रमहरुमा विरलै मास्कमा देखिन्छ। उहाँ महामारीको चरम अवस्थाका दिनहरुमा पनि दिनहुँजसो सार्वजनिक कार्यक्रमहरुमा उपस्थित हुने गर्नु भएको छ। उहाँ देशका विभिन्न भागमा निरन्तर भ्रमण गरिरहनु भएको छ भने शुक्रबार पनि उत्तर राज्य सान लुइस पोटोसीको भ्रमण गर्नु भएको थियो। राष्ट्रपति ओब्राडोर सन् २०१३ मा हृदयाघात भएको थियो भने उहाँलाई हाइपरटेन्सनको समस्या पनि छ। यस्ता रोगहरु भएका व्यक्तिलाई कोभिड-१९ को संक्रमण खतरनाक मानिन्छ। मेक्सिकोमा गत डिसेम्बर २४ देखि खोप अभियान शुरु भइसकेको छ। मेक्सिकोले फाइजरले उत्पादन गरेको खोपका अतिरिक्त अस्ट्राजेनिका र अक्सफोर्डले विकास गरेको खोप पनि प्रयोगमा ल्याउने जनाइसकेको छ। मेक्सिकोमा हालसम्म कोरोना संक्रमित झण्डै एक लाख ५० हजारको मृत्यु भइसकेको छ भने १७ लाख ६३ हजारभन्दा बढी व्यक्ति संक्रमित भएका छन्।

# शैक्षिकसत्र जेठसम्म लम्ब्याउने तयारी

काठमाडौं, १२ माघ (रासस)।

कोभिड-१९ का कारण प्रभावित शैक्षिक सत्रलाई दुई महिना थप गरेर व्यवस्थापन गरिने भएको छ। हरेक वैशाखमा शुरु भई चैतमा सकिने शैक्षिक सत्रलाई यस वर्ष आगामी वैशाख र जेठसम्म लम्ब्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कानूनी परामर्श शुरु गरेको छ।

विद्यमान शिक्षा नियमावलीमा वर्षमा २२० दिन विद्यालय खुल्नुपर्ने र १९२ दिन पढाइ हुनुपर्ने व्यवस्था भएकामा कोरोना महामारीपछि विद्यालय पूर्ववत् सञ्चालन हुन नसक्दा सञ्चार तथा सूचना प्रविधिको सहायतामा वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण भएको बेला पाठ्यक्रम समायोजन गरी सिकाइ निरन्तरता गरिएको छ।

कोरानाको जोखिम घट्दै गएको र लामो सयम वैकल्पिक माध्यममा शिक्षा दिँदा सिकाइ गुणस्तरमा नकारात्मक असर पर्नसक्ने भएकाले पछिल्लो समयमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी विद्यालय सञ्चालनको क्रम शुरु भएको छ। जाडो बिदा नदिइ कक्षा सञ्चालन भएकाले शैक्षिक सत्र व्यवस्थापनमा यसले सकारात्मक प्रभाव पार्ने देखिएको छ। मन्त्रालयका प्रवक्ता दीपक शर्माले शैक्षिक सत्रलाई दुई महिनासम्म लम्ब्याउने विषयमा छलफल भइरहेको जनाउँदै सोका लागि शिक्षा नियमावलीमा मन्त्रिपरिषद्बाट संशोधन गर्नुपर्ने बताउनुभयो।

यस विषयमा मन्त्रिपरिषद्को सामाजिक समितिमा छलफल भइसकेको जनाइएको छ। शैक्षिक सत्रलाई आर्थिक वर्षको अनुकूलका आधारमा हरेक साउनमा शुरु गराउने विषयमा पनि छलफल भइरहेको जनाइएको छ। चैतमा वार्षिक परीक्षा भई केही अवधि बिदा दिएर वैशाखको दोस्रो सातामा नयाँ शैक्षिक सत्र शुरु हुने गरेकामा उक्त बिदाको अवधिलाई पनि यस वर्ष उपयोग गर्न लागिएको हो।

कोरोना महामारीका कारण एक स्थानका विद्यालयमा भर्ना भएका विद्यार्थी अन्यत्र बसेर अध्ययन गरिरहेको स्थितिमा माध्यमिक शिक्षा परीक्षा कक्षा १० मा स्थानान्तरण गर्न पनि नियमावली बाधक भएकाले बाधा अड्काउ फुकाउका लागि नियमावलीमा कानूनी परामर्श गरिहेको छ। यसअघि विसं

बाँकी तीन पृष्ठमा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज, सप्तरी ।**

**औषधी,सर्जिकल समानहरु खरिदको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७।१०।१३ गते

यस अस्पतालको चालु आ.ब. २०७७/०७८ को लागि औषधी, सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यम द्धारा खरिद गर्नु पर्ने भएको हुँदा इजाजत प्राप्त रजिष्टर्ड फर्म, संस्थाहरुबाट देहायका शर्तहरुको अधिनमा रही रु. १०/- को टिकट टाँसी सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र फाराम अलग अलग कार्यको लागी छुट्टा छुट्टै दरभाउपत्र यस कार्यालयको फार्मेसि शाखाबाट औषधीको दरभाउपत्र फारामको रु. १०००/- (फिर्ता नहुने गरी) ,सर्जिकल को लागि रु.१०००/- तिरी खरिद गर्न सकिने छ ।

२. (क) सिलबन्दी दरभाउपत्र खरिद गर्दा आधिकारीक निवेदन साथ सप्लायर्स फर्म वा संस्था दर्ता प्रमाणपत्र,आ.ब. २०७७/०७८ को लागी नविकरण भएको पत्र ,स्थायी लेखा नम्बर पत्र,मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र,सम्बन्धित समानहरु सप्लाई गर्न लिईएको फर्म वा संस्था इजाजत पत्र,आफू अयोग्य नभएको स्व:घोषणा पत्र, आ.ब. २०७६/०७७ सम्मको कर चुक्ता भएको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि ।
(ख) प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारीक मञ्जुरीनामा लिई आउने प्रतिनिधिले प्रोप्राइटरको सही छाप (रेखात्मक र लेखात्मक) भएको सक्कलै मन्जुरीनामा र प्रतिनिधिको नागरिकताको प्रमाणित प्रतिलिपी समेत अनिवार्य पेश गर्नुपर्नेछ ।

३. खरिद गरिएको शिलवन्दी दरभाउपत्र १६ औं दिन (२०७७।१०।२८ गते) दिनको १२:०० बजेसम्ममा रु.१०/- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

४. रितपूर्वक पेश भएका शिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन २०७७।१०।२८ गते) दिनको २:०० बजे शिलवन्दी दरभाउपत्रहरु कार्यालय प्रतिनिधी बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलवन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. सिलबन्दी दरभाउपत्र दाताले आफूले खरिद गरेको सिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको सिलबन्दी दरभाउपत्र लाई मान्यता दिइने छैन । साथै सिलबन्दी दरभाउपत्र मा कुनै शर्त राखि पेश गरेमा मान्य हुने छैन ।

६. शिलवन्दी दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

७. शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको अवधि भित्र कबोल गरेको रकमको सप्लार्य कार्य गर्न नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो_संशोधन २०७३) तथा नियमावली २०६४ (आठौं संशोधन) २०७६ बमोजिम कार्वाही हुनेछ ।

८. अलग अलग कार्यको लागी शिलवन्दी दरभाउपत्र दाताले बैंक जमानत वापत नगद भए को.ले.नि.का. सप्तरीको रा.बा.बैंक लि स्थित एकल धरौटी खाता नं. २१८०१००१०२०३०००० (गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल राजविराज, सप्तरीको कोड ३७०००१५०२) धरौटी खातामा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजत प्राप्त “क” वर्गका वाणिज्य बैंकबाट यस कार्यालयको नाममा छुट्टा छुट्टै जारी गरेको कम्तिमा ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

९. दररेट पेश गर्दा अंक र अक्षर दुबैमा उल्लेख गर्नुपर्नेछ ,दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१०. पेश भएका शिलवन्दी दरभाउपत्र आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. शिलवन्दी दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको शिलवन्दी दरभाउपत्र फाराम मात्र खरिद गर्नुपर्नेछ र सोही फारामको प्रत्येक पानामा शिलवन्दी दरभाउपत्र दाताले सप्लायर्स फर्म वा संस्थाको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ ।

१२. एउटा सप्लायर्स फर्म वा संस्थाले खरिद गरेको शिलवन्दी दरभाउपत्र फाराम अर्को फर्म वा संस्थाले दाखिला गर्न पाउने छैन, यदि सो अनुसार भएको पाइएमा निजको शिलवन्दी दरभाउपत्र फाराम प्रतिस्पर्धामा समावेश गराइने छैन । साथै सिलबन्दी दरभाउपत्र कुनै शर्त राखी पेश गरेमा मान्य हुनेछैन ।

१३. शिलवन्दी दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपी प्रचलित कानून अनुसार नोटरी पब्लिक कार्यालयबाट प्रमाणित भएको हुनुपर्नेछ ।

१४. दरभाउपत्र साथ पेश गर्नु पर्ने र पालन गर्नु पर्ने कुराहरु दरभाउ पत्र फाराममा उल्लेख गरिने छ । सोही अनुसार दरभाउपत्र फाराम पेश गर्नु पर्ने छ।

१५. दरभाउपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर यस अस्पतालको नाम सम्बोधन गरी दरभाउपत्र कामको विवरण तथा नाम खुलाई पेश गर्नु पर्ने छ ।

१६. दरभाउपत्र दाताले आफूले कवोल गरेको प्रत्येक आईटमको दर प्रति ईकाइ (Per Unit) मूल्यमा र मूल्य अभिवृद्धि कर बाहेको दर उल्लेख गर्नु पर्नेछ ।

१७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा केरमेट गरेको स्थानमा सहीछाप नगरेको, दरभाउपत्र फारमको फोटो कपी गरी पेश गरेको, टिपेक्स लगाई पेश गरेको ,यस अस्पताल वाट बिक्री नभएको दरभाउपत्र लाई मान्यता दिइनेछैन ।

१८. आपुर्तिकर्ताले सप्लाई गर्ने औषधीहरु अस्पातलको फार्मेसी स्टोर सम्मको ढुवानी खर्च लगायत अन्य खर्च आपुर्तिकर्ता स्वयंले तिर्नु पर्ने छ ।

१९. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ को (पहिलो संशोधन२०७३) र सार्वजनिक खरिद नियमावली २०६४ (आठौं संशोधन) २०७६ बमोजिम हुनेछ ।

२०. औषधीको हकमा Expiry Date, औषधी बुझाएको मिति देखि कम्तीमा १ वर्ष वा ७०% Expiry Date बाकि हुनुपर्नेछ ।

२१. औषधीको हकमा दरभाउपत्र मा उल्लेखित सामान थप घट हुन सक्नेछ र चाहिएको बेलामा चाहिएको परिमाण मात्र आपूर्ति माँग गरिनेछ ।

२२. औषधी,सर्जिकल सामानहरु बोलपत्र स्वीकृत भएपछि ठेकेदारले अस्पतालको खरिद आदेश अनुसार औषधी,सर्जिकल/मेडिकल सामानहरुको आपूर्ति ७ दिन भित्र गर्नु पर्नेछ ।

२३. औषधी आपूर्ति गर्दा स्ट्रिपस, एम्पूल, भाइल वा बोतलमा गर्नु पर्ने छ ।

२४. दरभाउपत्र उल्लेखित औषधीहरुको सेम्पल (नमूना) बोलपत्र दर्ता गर्ने समयमा छुट्टै प्याक गरि दिनु पर्नेछ ।

२५. स्याम्पलको साथमा प्रत्येक औषधी, सर्जिकल /मेडिकल सामानहरुको नाम कम्पनि तथा ब्याच नं. उल्लेख गरेको विवरण समेत पेश गर्नुपर्नेछ ।

२६. औषधिको गुणस्तरमा शंका लागेमा सो को जाच औषधि व्यवस्था विभागको ल्याबमा गरिनेछ र सोमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित दरभाउ पत्र दाताले व्यहोरनु पर्नेछ ।

२७. दरभाउपत्रको B.O.Q मा उल्लेखित औषधीहरु Itemwise स्वीकृत हुने साथै पेश गरेको दररेट डिल बोनस कट्टा गरी, होलसेल रेट वा MRP भन्दा नबढ्नेगरि हुनु पर्दछ ।

२८. दरभाउपत्रद्वारा खरिद गरिने औषधी तथा औषधी जन्य सामग्री चाहिएको समयमा चाहिएको परिमाणमा ITEMWISE खरिद गरिनेछ ।

२९. दरभाउ पत्रमा MRP RATE र कम्पनीको नाम समेत अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

३०. औषधि सप्लाई गर्दा WHO-GMP Certified Company को मात्र सप्लाई गर्नु पाईनेछ ।

३१. अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

३२. दररेट भर्दा सबै ITEM को दररेट भर्नु पर्ने छ अन्यथा मान्य हुने छैन र अर्को दरभाउपत्र/बोलपत्रको सूचना प्रकाशित नभए सम्म पेश गरिएको दररेट सोही कायम रहनेछ ।

तपसिल

| ठे. नं. | विवरण | दरभाउ पत्र फारम दस्तुर | लागत अनुमान अंक (मु.अ. कर बाहेकको रकम) | धरौटी रकम | खरिद गर्ने अन्तिम मिति | दर्ता गर्ने अन्तिम मिति | खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | फार्मेसी संचालन लागि चाहिने सर्जिकल समाहनहरु । | १०००।- | ५०३१९०/- | १५०९५।७/- | २०७७।१०।२७ गते सम्म | २०७७।१०।२८ गते दिनको १२:०० बजे सम्म । | २०७७।१०।२८ गते दिनको २:०० बजे । |
| २ | फार्मेसी संचालनका लागि चाहिने औषधीहरु । | १०००।- | ३८०११५२/- | ११४२३।५६/- | २०७७।१०।२७ गते सम्म | २०७७।१०।२८ गते दिनको १२:०० बजे सम्म । | २०७७।१०।२८ गते दिनको २:०० बजे । |

## शैक्षिकसत्र ...

२०७२ मा गएको विनाशकारी भूकम्पका समयमा अति प्रभावित १४ जिल्लाका कक्षा १० का विद्यार्थीलाई स्थानान्तरण गराएर परीक्षा दिलाइएको थियो ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका अध्यक्ष कृष्ण थापाले कोरोना महामारीका कारण प्रभावित शैक्षिक सत्रलाई अवधि थपेर व्यवस्थापन गर्ने तयारी सकारात्मक रहेको बताउनुभयो । उहाँले आफूहरुले नेपाल शिक्षक महासंघलगायतसँगको सहकार्यमा सिकाइ निरन्तरता अभियान सञ्चालन गरिरहेको र विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि पहल भइरहेको जानकारी दिनुभयो ।

सरकारले वैकल्पिक प्रणालीको सिकाइलाई शैक्षिक सत्रमा गणना गराउने गरी भदौ १९ गते ‘विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७’ जारी गरेको थियो । कोरोना महामारीको जोखिम बढिरहेकाले विद्यालय खुल्न नसकेको स्थिति र अन्य प्राकृति विपत्तिमा पनि यस प्रकारको वैकल्पिक सिकाइलाई मान्यता दिने गरी निर्देशिका जारी भएको हो ।

निर्देशिकासँगै चालू शैक्षिक सत्रमा विद्यार्थी अभिलेखीकरण (भर्ना), तथ्याङ्क सङ्कलन, निजी विद्यालयमा स्थानीय तहले तोके बमोजिमको शुल्क लिन, पाठ्यभार सङ्कुचन गरी मूल्याङ्कनको विधि लागू गर्न स्थानीय तह र सम्बन्धित विद्यालयलाई सहज हुनेछ । सो अघि शिक्षा ऐन, नवौं संशोधन (२०२८) को दफा १९ ‘क’ को अधिकार प्रयोग गरी गत जेठ १८ गते ‘वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७’ जारी भई गत असार १ गतेदेखि वैकल्पिक प्रणालीको सिकाइ अनिवार्य कार्यान्वयन गरिएको थियो

विषम स्थितिमा पनि विद्यार्थीको पढ्न पाउने अधिकारबाट वञ्चित हुन हुँदैन भन्ने मान्यतालाई आत्मसात् गरी सिकाइ उपलब्धि हासिल गर्ने र विद्यालयमा बालबालिकालाई परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्ने निर्देशिकामा उल्लेख छ ।

## एक महिलासहित ...

बयानका आधारमा लागुऔषधका कारोबारी कंचनरुप नगरपालिका ८ बस्ने २५ वर्षिया बबिता राउतलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

राउतको घरबाट प्रहरीले नाइट्रसन ट्याब्लेट ४० थान, नाइट्राभेट ट्याब्लेट १५ थान, स्पामोप्रोक्सि ४० थान, डायल्याब ३ थान र लिजेसिक इन्जेक्सन ७ थानलगायतका प्रतिबन्धित लागुऔषध बरामद गरेको छ ।

पक्राउ परेकाहरुलाई लागुऔषध मुद्दामा सोमबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# वीमा लेख नं. हराएको सूचना

जनकपुरदेखी जलेश्वर जाँदै गरेको अवस्थामा २०७७ साल पुस १० गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।

**नाम : जगदीश पण्डित**
**ठेगाना : दामही मदई ३, महोत्तरी**
**वीमा लेख नं. : २५१३०७०९१**

# अभिमुखिकरण तथा समन्वय बैठक सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**
नगरपालिका स्तरीय सरोकारबालासंग बार्षिक कार्यक्रमको अभिमुखिकरण तथा समन्वय बैठक सम्पन्न भएको छ ।

सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको साझेदारीमा राजविराज नगरपलिकामा आयोजना गरेको सन् २०२० मा भएका मुख्य गतिविधिहरुको समिक्षा, आगामी आर्थिक सन् २०२१ का मुख्य गतिविधिहरुको प्रस्तुती र सुझाव संकलन तथा सहकार्यमा सहयोग गर्ने उद्देश्य राखेर सो बैठक बसेको हो ।

कार्यक्रममा नाम दर्ता तथा बसाई ब्यवस्थापन, गुणस्तर मानक सम्बन्धि छलफल, सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरी तथा समुन्नती कार्यक्रमबारे संक्षिप जानकारी, योजना वा गतिविधी प्रभावकारी ढंगले कार्यान्वयन गर्नको लागि सरसल्लाह तथा सुझाव संकलन लगायतका बिषयमा छलफल गरिएको छ ।

राजविराज नगरपालिकाका उपप्रमुख साधना झाको अध्यक्षतामा सम्पन्न भएको बैठकमा वडा नं. १, २, १४, १५ र १६ का वडा अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, बिषयगत शाखाका प्रमुख, शिक्षा, स्वास्थ्य, कृषि, महिला तथा बालबालिका प्रमुखहरुको उपसिथितमा कार्यक्रम सम्पन्न भएको सेभ द सप्तरीका सुपरभाइजर राजीव चौधरीले जानकारी दिएका छन् ।

उक्त बैठकमा वडा बालसंरक्षण समितिका प्रतिनिधि, बालक्लवका बालबालिका, बिभिन्न बिद्यालयका प्रअ तथा वालबिकास केन्द्र, शिक्षा, स्वास्थ्य चौकीका इन्चार्ज, कृषक समुह, लघुउद्यमी लगायतका समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा सेभ द चिल्ड्रेनका बरिष्ठ कार्यक्रम संयोजक अरुण महतो, लेखापाल सुरेश यादव, सेभ द सप्तरीका कार्यक्रम संयोजक गोपाल प्रसाद चौधरी, फिल्ड अधिकृत ललिता मंडल, बिष्णुकान्त देव, सत्यनारायण थारु, फर्जना खातुन, दुर्गानन्द शर्मा, सुपरभाइजर राजीव चौधरी, मनिता घिमिरे र समुदायिक परिचालक रामु यादव लगायतका पनि उपस्तिथि रहेको थियो ।

# हरवाचरवाको राष्ट्रिय सम्मेलनबाट ११ बुँदे घोषणापत्र जारी

**दैनिक समाचारदाता**
**सिरहा, १२ माघ ।**
राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको लहानमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनले ११ बुँदे घोषणापत्र जारी गर्दै दशनलाल मण्डलको अध्यक्षतमा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

हरवाचरवाका नाममा रहेको अनुचित ऋण खारेजीसहित औपचारिक मुक्तिको घोषणा गर्न, स्थानीय तहको नेतृत्वमा सामाजिक सङ्घसंस्थासँगको सहकार्यमा हरवाचरवाको स्पष्ट तथ्याङ्क सङ्कलन गर्न, प्रमाणीकरण र परिचयपत्र वितरण गर्न, सरकारद्वारा भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भइसकेको सन्दर्भमा हरवाचरवालाई विशेष सवालका रुपमा प्राथमिकतामा राख्दै जिल्लास्तरीय आयोग तथा सहजीकरण समूहमा हरवा चरवाको अनिवार्य सहभागिता सुनिश्चित गर्न माग गरेको छ ।

जमिन उपलब्ध गराउने व्यवस्था गर्न, हरवाचरवामाथि हुँदै आएको ऐतिहासिक उत्पीडनको क्षतिपूर्तिस्वरुप हरवाचरवा परिवारले स्वतन्त्रतापूर्वक सम्मानजनक जिउनसक्ने गरी पुनःस्थापनाको एकीकृत प्याकेज निर्माण गर्दा काम, ज्याला, समानता, स्वतन्त्रतासहित शिक्षा, स्वास्थ्य, दिगो जीविकोपार्जन र रोजगारीको सुनिश्चितता गर्न र हरवाचरवाको पुनःस्थापनाको प्याकेजसहित पर्याप्त भूमिको व्यवस्था गर्नलगायतका समेत माग गरेको छ ।

यस्तै नवनिर्वाचित समितिको उपाध्यक्षमा श्रीप्रसाद सदा, महासचिवमा लागेन्द्र सदा, सहसचिवमा रामदयाल सदा र कोषाध्यक्षमा राजवतीदेवी मण्डललाई चयन हुनुभएको छ । सदस्यमा आशा खातुन, गीतादेवी सदा, आशादेवी पासवान, सुमित्रादेवी खंग र सुनितादेवी सदा निर्वाचित भएका छन् ।

# टिपरले ठक्कर दिँदा दुईको मृत्यु

जलेश्वर, १२ माघ (रासस) ।
महोत्तरी जिल्लाको गौशाला-सम्सी सडकखण्डमा सोमबार बिहान टिपरले ठक्कर दिँदा मोटरसाइकलमा सवार दुई जनाको घटनास्थलमै मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको बलवा नगरपालिका-९ बस्ने १९ वर्षीय प्रमोदराम चमार र औरही नगरपालिका-४ बस्ने १७ वर्षीय गुड्डु नदाफ रहेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार सोमबार बिहान ९ बजे सम्सीबाट गौशालातिर जाँदै गरेको ना ८ ख ९८० नं को टिपरले औरही नगरपालिका-४ कठुधारचौकस्थित सडकमा विपरीत दिशाबाट आइरहेको ज६प १४०९ नं को मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक प्रमोद र पछाडि सवार गुडडुको घटनास्थलमै मृत्यु भएको हो ।

घटनापश्चात् स्थानीयवासीले शव सडकमा राखेर गौशाला-सम्सी सडकखण्ड जाम गरेका छन् भने टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# ट्याक्टरबाट लडेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १२ माघ ।**
सप्तरीको खडक नगरपालिकामा ट्याक्टरबाट लडेर एक १२ वर्षिय बालकको ज्यान गएको छ ।

कल्याणपुर-फुलबडीया हुँदै बनौली आवत-जाबत गर्ने भित्री सडक खण्डमा स.१त. ७३८८ नम्बरको ट्याक्टरबाट लडेर दुर्गा भगतका १२ वर्षीय छोरा विशाल भगतको ज्यान गएको हो ।

फुलबडियाबाट कल्याणपुरतर्फ जाँदै गरेको ट्याक्टरमा सवार बालक खसेर गम्भिर घाइते भएपछि उनलाई उपचारका लागि स्थानिय सुरक्षा अस्पतालमा भर्ना गरिएको थियो । सोही अस्पतालमा उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यता ट्याक्टर र ट्याक्टर चालक खडक नगरपालिका १० का २२ वर्षीय मुन्नाकुमार यादवलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
ipay remit | CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money CHAUDHARY GROUP
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np